दर्ता नं. २९९(१२७७)०६१/६२
००५/२०७७/०७८

# दोस्रो वार्षिक साधारण सभा २०७९





# वार्षिक प्रतिवेदन

आ.व.-२०७८/०७९

"समृद्धिका लागि सहकार्य"


# सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड


- जितपुर कार्यालय : ०७६-५५०१६३, ५५००६०
- बनगाई कार्यालय : ०७६-४११०८१, ४११०८३
- बोडगाउँ कार्यालय : ०७६-४१११७४, ४१११०७
- ओदारी कार्यालय : ०७६-४१००२९
- प्रगतिनगर कार्यालय : ९७४९९०४८६०
- भलवाड कार्यालय : ९७४९९०४८६१
- वैदौली कार्यालय : ९७४९९०४८६२






संस्थाद्वारा सञ्चालित सहकारी बजार बोडगाउँ





संस्थाद्वारा सञ्चालित कृषि तथा पशुपंक्षी सेवाकेन्द्र (एग्रोभेट)-बोडगाउँ



संस्थाद्वारा प्रगतिनगर सेवाकेन्द्रमा कृषि तथा पशुपंक्षी सेवाकेन्द्र सुभारम्भ



ऋणी बिमा कार्यक्रम सम्झौता




स्वच्छ दुध उत्पादन तथा बिक्री वितरण उप आयोजनाको समिक्षा कार्यक्रम



स्वच्छ दुध उत्पादन तथा बिक्री वितरण उप आयोजनाको पशु खरिद तथा पशु बिमा कार्यक्रम

दर्ता नं. २९९(१२७७)०६१/६२/००९/२०७७/०७८ "समृद्धिका लागि सहकार्य" पान नं.३०३२७८७३९

# सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
## SYNERGY MULTIPURPOSE CO-OPERATIVE LIMITED. (SMC)

बाणगङ्गा न.पा.-१, जितपुर, कपिलवस्तु

प्र. सं./च.नं. : ८५-०७९/०८० मिति : २०७९/०८/२०

श्री ....................................... शेयर सदस्य ज्यू,

## विषय : दोस्रो साधारण सभामा उपस्थित हुने सम्बन्धमा ।

सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, बाणगङ्गा नगरपालिका वडा नं. १, जितपुर, कपिलवस्तुको दोस्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले शेयरधनी सदस्य महानुभावहरुलाई अनिवार्य उपस्थितिका लागि अनुरोध गरिन्छ। साधारण सभामा तपसिल विषयमा छलफल एवम् निर्णय हुने व्यहोरा अनुरोध छ।

***तपसिल :***

| स्थान | मिति |
|---|---|
| जनचेतना आधारभूत विद्यालय बनगाई कपिलवस्तु (बाणगङ्गा न.पा. वडा नं. ५,६,७,९) | २०७९ पौष २३ गते विहान : ११ बजे |
| जलेश्वरधाम बोडगाऊँ कपिलवस्तु (बाणगङ्गा न.पा. वडा नं. ८) | २०७९ पौष २३ गते विहान : ११ बजे |
| ४नं. सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको प्राङ्गण (बाणगङ्गा न.पा. वडा नं. १,२,३,४ | २०७९ पौष २३ गते विहान : ११ बजे |
| प्रगतिनगर (बाणगङ्गा न.पा. वडा नं. १०,११) | २०७९ पौष २३ गते विहान : ११ बजे |

***छलफलका विषयहरु :***

१) वार्षिक प्रगति प्रतिवेदन आ.व. २०७८/०७९ सम्बन्धमा।

२) आ.व. २०७८/०७९ को आर्थिक प्रतिवेदन सम्बन्धमा।

३) आ.व. २०७८/०७९ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा।

४) आ.व. २०७८/०७९ को लेखा सुपरिवेक्षण प्रतिवेदन सम्बन्धमा।

५) आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा।

६) आर्थिक वर्ष २०७९/०८० को प्रस्ताबित बजेट सम्बन्धमा।

७) लाभांस बितरण सम्बन्धमा।

८) संस्थाको विनियम संसोधन सम्बन्धमा।

९) नीति तथा कार्यविधि संशोधन/ पुनर्लेखन सम्बन्धमा।

१०) कार्यसूचिमा थप भएका प्रस्तावहरुको सम्बन्धमा।

११) आर्थिक वर्ष २०७९/०८० को लेखा परिक्षक नियुक्ति र नीजको पारिश्रमिक तोक्ने सम्बन्धमा।

१२) दीर्घकालीन सम्पति खरिद सम्वन्धमा।


१३) दीर्घकालीन ऋण लिने सम्वन्धमा।

१४) साधारण सभाको एकाइ बैठकको निर्णय प्रमाणीकरण गर्ने प्रतिनिधि र साधारण सभा (केन्द्र) को निर्णय प्रमाणीकरण गर्न पठाउनु पर्ने इकाइ प्रतिनिधिको चयन गर्ने समवन्धमा।

१५) विविध।

सचिव
कृष्णप्रसाद न्यौपाने

अध्यक्ष
लक्ष्मण प्रसाद बेल्बासे



लक्ष्मण प्रसाद बेल्वासे
अध्यक्ष

# अध्यक्षको मन्तव्य

**आदरणीय सम्पूर्ण शेयर सदस्यज्यू,**

सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको ऐतिहासिक दोस्रो वार्षिक साधारण सभाका आदरणीय सल्लाहकारज्यू, सञ्चालक समितिका पदाधिकारी, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्य, सञ्चालक समितिका सदस्य, सेवा केन्द्र संयोजक तथा सदस्य, विषयगत उपसमितिका संयोजक तथा सदस्य, शेयर सदस्य महानुभाव, व्यवस्थापक एवम् सम्पूर्ण कर्मचारी मित्रहरु सबै प्रति हार्दिक सहकारी अभिवादन ।

यो साधारण सभालाई भव्य रुपमा सफल पार्ने दायित्व लिनुभएका हाम्रो सिंगो सहकारी परिवार प्रति सहकारी अभिवादन व्यक्त गर्दछु । राष्ट्रको तीन खम्बे अर्थ नीतिको एक अभिन्न अंग बन्न पुगेको सहकारी क्षेत्र र वर्तमान वित्तीय क्षेत्रमा देखा परेका चुनौतीलाई सामना गर्दै संस्थालाई अझ गतिशील ढङ्गबाट सञ्चालन गर्नु तपाईं हामी सबैको साझा दायित्व हो । समय समयमा देखा पर्ने चुनौती र त्यसको सामना गर्दै अगाडि बढ्ने विषयमा सञ्चालक समिति र व्यवस्थापन पक्षको यथेष्ट ध्यान पुगेको कुरा यस सभा समक्ष अनुरोध गर्न चाहन्छौं ।

हामीले वर्तमान परिवेशलाई समेत ध्यानमा राख्दै सहकारीहरुलाई उत्पादन र सदस्यमूखी भई कार्यसम्पादन गर्नु सदस्यहरुको दोहोरोपनलाई अन्त्य गरी व्यवस्थापकीय जटिलता र लागतलाई मितब्ययी बनाउन, पूँजीलाई उपलब्धिमूलक रुपमा परिचालन गर्ने विषयलाई प्राथमिकतामा राख्दै आएका छौं । कृषि, कृषिजन्य उद्यम, बजार प्रवर्धन, उद्यमशीलता विकास, रोजगार प्रवर्द्धन, बचत तथा ऋण परिचालन, आन्तरिक पर्यटन प्रवर्द्धनको अभिप्रायले समान कार्यक्षेत्र, सदस्यमा दोहोरोपना कम गर्दै क्रियाकलापमा एकरुपता एवम् श्रोत परिचालन आदिमा समानता भएका सहकारीहरुबीच सहकार्य गर्दै अगाडि बढने कुरामा हामी स्पष्टताका साथ अगाडि बढेका छौं । हाम्रा आगामी दिनहरु विशेषगरी हामीले तय गरेको दीर्घकालिन रणनैतिक योजना, पञ्चवर्षीय व्यवसायिक योजना र त्यसका आधारमा तय गरिने वार्षिक नीति, बजेट तथा कार्यक्रमका आधारमा विस्तृत कार्ययोजना निर्माण गरी सहकारीलाई स्पष्ट दिशा निर्दिष्ट गर्दै अगाडि बढ्नेछौं ।

सहकारी अभियान मार्फत समुदाय र सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक जीवन स्तर उकास्न क्रियाशील रहदै सिनर्जी बहुउद्देश्य सहकारी संस्था लिमिटेड हामी सबैको आशा र भरोशाको केन्द्र बन्नेमा विश्वस्त छौं । आफ्ना सदस्य मार्फत सिङ्गो समुदायको समग्र समृद्धिका निम्ति सहकार्यलाई मूल मन्त्र बनाएर अगाडि बढने छौं । सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले आगामी दिनमा सहकारी मार्फत सदस्यलाई उत्पादनसँग जोड्दै, समुदाय स्तरमा सिप र प्रविधिको प्रयोग गर्दै थप अवसर सिर्जना गर्न

पुँजीलाई अझ बढी उपलब्धिमूलक परिचालनमा जोड दिइनेछ।

राज्यका सहकारी मापदण्डको पूर्णरुपमा कार्यान्वयनमा प्रतिवद्ध रहदै समय सापेक्ष हामीले हाम्रा सेवालाई विधि, प्रक्रिया, पारदर्शिता, जवाफदेहिता र आवश्यकताको आधारमा आफ्ना सदस्यको विश्वास जित्नेछौं। हाम्रा फरक फरक कार्य, अनुभवको आधारमा परिवर्तित समयसँगै संस्थालाई अझ गतिशील र प्रभावकारी बनाउन सामुहिक नेतृत्व प्रणालीलाई संस्थागत गर्दै अगाडि बढनेछौं।

यहाँहरुको सहकारी प्रतिको लगाव, माया, ममता, स्नेह र सरोकारले सिनर्जी बहुउद्देश्य सहकारी संस्था लिमिटेड राष्ट्रकै एक अब्बल सहकारीको रुपमा पहिचान बनाउने कुरामा सिङ्गो नेतृत्व पङ्क्ति विश्वस्त रहेको कुरा सभा समक्ष राख्न चाहन्छौं।

सहकारी संस्था आफ्ना सदस्य एवं समाजको सुख दुःखको असल साथी बन्नका निम्ति निरन्तर क्रियाशील रहदै स्थापनासंगै योजनाबद्ध रुपमा अगाडि बढने र निर्माण गरिएका कार्यक्रमहरु अपेक्षाकृत रुपमा सफल बनाउनका निम्ति हाम्रा सबै सदस्यज्यूहरुको रचनात्मक भूमिकाको अपेक्षा राख्दछौं। आजको यस गरिमामय सभा मार्फत प्राप्त महत्वपूर्ण सुझावलाई मनन गर्दै आगामी योजना निर्माणको क्रममा यस्ता सुझावहरुलाई मार्गदर्शनको रुपमा ग्रहण गरी अगाडि बढ्ने छौं।

सिनर्जी बहुउद्देश्यीय सहकारी संस्थाको प्रगति र उन्नतिमा निरन्तर हातेमालो गर्ने सबैप्रति हार्दिक आभार एवम् धन्यवाद व्यक्त गर्दै सहकारी अभियानलाई थप विश्वसनीय बनाउदै यसको गरिमा अझ बढाउन हाम्रो सिङ्गो सिनर्जी परिवार तत्पर रहने विश्वास एवम् प्रतिवद्धता यस गरिमामय सभामा व्यक्त गर्दै उपस्थित सम्पूर्णमा हृदयदेखि आभर एवम् कृतज्ञता व्यक्त गर्दछौं। धन्यबाद।

*जय सहकारी ।*
*जय सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लि.*

*लक्ष्मण प्रसाद बेल्वासे*
*अध्यक्ष*

"समृद्धिका लागि सहकार्य"

# सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

बाणगङ्गा-१ जितपुर कपिलवस्तु

## दोस्रो साधारण सभा

## प्रगति प्रतिवेदन २०७९



**प्रस्तुतकर्ता : कृष्णप्रसाद न्यौपाने (सचिव)**

दोस्रो साधारण सभाका अध्यक्ष एवम् संस्थाका अध्यक्ष ज्यू, प्रमुखअतिथि ज्यू, विशिष्ट अतिथिज्यूहरु, विभिन्न वित्तीय एवम् सघं संस्थाका अध्यक्ष तथा प्रतिनिधिज्यूहरु,लेखा सुपरिवेक्षण समितिका संयोजक एवम् सदस्यज्यूहरु, सेवाकेन्द्रका संयोजक तथा सदस्यज्यूहरु, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु,सल्लाहकार ज्यूहरु, विषयगत उपसमितिका संयोजक तथा सदस्य ज्यूहरु, सम्पूर्ण शेयर धनी महानुभाव तथा कर्मचारी ज्युहरु, सञ्चार कर्मी महानुभावज्यूहरु, हामीलाई अत्यन्तै नजिकबाट माया गर्ने उपभोक्ता महानुभावज्यूहरु, उद्योगपति, व्यापारी तथा बुद्धिजीवी महानुभावज्यूहरु, यस समारोहमा पाल्नूहुने सम्पूर्ण महानुभावहरुमा मेरो व्यक्तिगत तथा संस्थाको तर्फबाट हार्दिक स्वागत एवम् सहकारी अभिवादन टक्रयाउछु ।

**शेयर धनीमहानुभावहरुः-**

"समृद्धिका लागि सहकार्य" भन्ने नाराका साथ लुम्बिनी प्रदेशमा बसोबास गर्ने आम सर्वसाधरण व्यक्तिहरुलाई आर्थिक, सामाजिक एवम् सांस्कृतिक अभियानमा योगदान गर्न, आधुनिक कृषि उत्पादन प्रशोधन तथा बजारीकरण, लघुवित्त परिचालन, ग्रामिण पर्यटन एवम् उद्यमशीलताको विकास गर्दै शेयर सदस्यहरुको उन्नति प्रगति मार्फत परिवार, समुदाय र सिङ्गो राष्ट्रलाई समुन्नत बनाउने दिशामा अग्रणीय भूमिका निर्वाह गर्दै, स्वस्थ, सुरक्षित, सदस्य मैत्री, प्रतिष्पर्धात्मक, व्यवसायिक तथा वित्तीय सेवाप्रदान गर्दै अगाडि बढिरहेका छौं ।

यस संस्थालाई अज गतीशिल रुपमा अगाडि बढाउन संस्थागत अुनदान प्रवाह गर्ने दीर्घकालिन कृषियोजना सहयोग कार्यक्रम कपिलवस्तु, जिल्ला कृषि ज्ञान केन्द्र कपिलवस्तु, जिल्ला डिभिजन सहकारी कार्यलय कपिलवस्तु, राष्ट्रिय अनुसन्धान विकास कोष काठमाण्डौं, पशुपन्छी बजार प्रर्बधन निर्देशनालय काठमाण्डौ, व्यवसायिक कृषि तथा व्यापार आयोजना( प्याक्ट) सल्लाघारी काठमाण्डौं, सहकारी विभाग नयाँबानेश्वर काठमाण्डौ, प्रधानमन्त्री आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन ईकाइ कपिलवस्तु, ग्रामिण कृषि तथा पशुविकास संस्था नेपाल कपिलवस्तु, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेश बुटवल, राष्ट्रिय सहकारी बैंक शाखा कार्यालय बुटवल, कृषि तथा पशुपन्छी मन्त्रालय नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना आयोजना कार्यान्वयन ईकाइ बुटवल,पशुविकास कार्यालय बाणगङ्गा बाणगङ्गा नगरपालिकाको कार्यालय कपिलवस्तु, मुक्तिनाथ कृषि कम्पनी सुन्धारा काठमाण्डौ, कृषि सामग्री कम्पनी कपिलवस्तु, सार्ल्ट ट्रेडिङ कृष्णनगर कपिलवस्तु जस्ता संस्थासँग समुन्वयमा रही कार्यक्रम अगाडि बढाइरहेको र अन्य सरकारी तथा गैर सरकारी संस्थासँग सम्पर्क तथा समुन्वय गरी संस्थागत विकासमा संलग्न रहिरहने जानकारी शेयर सदस्य एवम् सम्बन्धित सवै पक्षलाई हार्दिक अनुरोध गर्न चाहन्छु ।

**क) सञ्चालक समितिका महत्वपूर्ण निर्णयहरु र कार्यन्वयनका सक्षिप्त अंशः**

**बैठक नं. ३ मिति २०७८/१०/०७**

- साविक सिनर्जी बचत तथा ऋण सहकारी संस्था लिमिटेड बाणगङ्गा-७ बनगाईको नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सघं नेफ्स्कून) बुटवल शाखामा रहेको शेयर रु .५,३३,२००/-र विभिन्न बचत खातामा रहेको बचत रकम फिर्ता गर्ने निर्णय गरियो। साविक सिनर्जी बचत तथा ऋण सहकारी संस्था लिमिटेड बाणगङ्गा-७ बनगाईको लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी सघं बुटवलमा रहेको शेयर रकम रु .२५,०००/- फिर्ता गर्ने निर्णय गरियो। सो प्रक्रियाका लागि व्यवस्थापक दिनामणी खनाललाई अख्तियारि दिने निर्णय गरियो।
- साविक सिनर्जी बचत तथा ऋण सहकारी संस्था लिमिटेड बाणगङ्गा-७ बनगाईको कपिलवस्तु बचत तथा ऋण सहकारी सघं कपिलवस्तुमा रहेको शेयर रकम रु .१,०००/- फिर्ता गर्ने निर्णय गरियो।
- सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बाणगङ्गा-१जीतपुर कपिलवस्तुले नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी सघंमा सदस्यता लिने निर्णय गरियो।
- संस्थामा कार्यरत कर्मचारीको आ.व. २०७८/०७९ को पौष मसान्तसम्मको कार्य सम्पादन गर्ने सर्वसम्मत निर्णय गरियो।
- संस्थाको कार्य क्षेत्र एवम् सेवा केन्द्रको अनुमति लुम्बिनी प्रदेश सरकारको आर्थिक मामिला तथा सहकारी मन्त्रालयबाट मिति २०७८ साल पौष १८ गतेको च.नं. ७८ को पत्र अनुसार स्वीकृती प्राप्त भएको हुँदा संस्थाको वार्षिक नीति एवम् व्यवसायिक योजनालाई कार्यान्वयन गर्ने गरी सेवा केन्द्र विस्तारका लागि आवश्यक कार्य गर्न पदाधिकारी एवम् विज्ञ समूहलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।
- ब्याजदर संशोधन सम्बन्धी निर्णय गरियो। संस्थाले सवै सेवाकेन्द्रहरुमा रेमिटान्स सञ्चालन गर्नको सम्झौता गर्ने निर्णय गरियो।
- नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्राल सिंहदरवार, काठमाण्डौंको मिति २०७८ साल पौष ३० गते प्रकाशित लागत सहभागितामा खाद्य गोदाम घर निर्माण सम्बन्धी प्रस्ताव आह्वान गरेको हुँदा सोही सूचनाका आधारमा लागत सहभागितामा खाद्य गोदाम घर एवम् अन्य पूर्वाधार स्थापनाका लागि बाणगङ्गा नगरपालिकासँग आवश्यक समन्वय एवम् सहकार्य गरी प्रस्तावना पेश गर्ने सर्वसम्मत निर्णय गरियो।
- कपिलवस्तु जिल्लाको बाणगङ्गा नगरपालिका वडा नं. ८ र १० नं. वडामा बैंकिङ्ग सेवाको पहुँच नहुँदा त्यस क्षेत्रमा रहेका नागरिकहरु सामाजिक सुरक्षा भत्ता लिनका निम्ति कठिनाई रहेको र त्यस क्षेत्रमा सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लि. को सेवा केन्द्र रहेको हुँदा सोही सेवा केन्द्र मार्फत उक्त क्षेत्रका नागरिकलाई वित्तीय सेवा प्रदानका लागि बाणगङ्गा नगरपालिकासँग आवश्यक समन्वय, सहकार्यका गरी नगरपालिकाबाट अनुमति लिई नागरिकलाई सेवा प्रदान गर्ने निर्णय गरियो।

- संस्थाको प्रारम्भिक साधारण सभाबाट १२ वटै जिल्ला कार्य क्षेत्र हुने गरी विनियम शंसोधन गरिएको प्रस्ताव लुम्बिनी प्रदेश सरकारको आर्थिक मामिला तथा सहकारी मन्त्रालयबाट मिति २०७८ साल पौष १८ गतेको च.नं. ७८ को पत्र अनुसार स्वीकृत प्रदान गरिएको प्रति वैठकले धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

**वैठक नं. ४** **मितिः२०७८।१०।१८ गते**

- संस्थाको वित्तीय जोखिमबाट बचाउन एवम् सेवालाई प्रभावकारी रुपमा लैजानका लागि हाल गरिएको सिखर विमा कम्पनीसँगको संझौताको दायरा वृद्धि गर्ने निर्णय गरियो।
- संस्थाको सबै सेवाकेन्द्रमा भल्ट खरिद गर्ने निर्णय गरियो।
- बनगाई सेवा केन्द्रमा मिति २०७८ साल माघ १७ गते राति १२:०० बजेको समयमा भएको चोरी घटनाबाट १ लाख ७५ हजार ३० रुपैया नगद् चोरी भएको सिंगो संस्थालाई नै सुरक्षाका विषयमा गंभिर एवम् दुखी बनाएको महसुस गर्दै यस्ता घटना नदोहोरिउन् भनी सुरक्षाका विषयमा थप मापदण्ड अवलम्बन गर्दै अगाडि बढ्ने समीक्षा गरियो।चोरी कार्यमा संलग्नलाई कानूनी दायरामा ल्याउनका लागि प्रहरी प्रशासन एवम् सरोकारवाला निकायलाई आग्रह गर्ने निर्णय गरियो।

**वैठक नं. ५** **मितिः२०७८।१०।२६ गते**

- बाणगङ्गा नगरकार्यापालिकाको ८५ प्रतिशत अनुदानमा सञ्चालन हुने सिचाई तथा मर्मत कार्यक्रममा सहभागि हुन साझेदारी तथा शर्तहरुको अधिनमा रहि पचासी प्रतिशत अनुधानमा साना सिँचाई तथा मर्मत सम्भार कार्यक्रम बाणगङ्गा-८ बण्डौलीमा गर्ने निर्णय गरियो।

**वैठक नं. ६** **मितिः२०७८।११।०६ गते**

- संस्थाको वार्षिक नीति, कार्यक्रम अन्तरगत कार्य क्षेत्र विस्तार कार्य सम्पन्न भएको र प्रारमिभक साधारण सभाका निर्णयहरुलाई कार्यान्वयन गर्दै सभाले दिएको जिम्मेवारीलाई समयमै कुशलतापूर्वक सम्पन्न गर्नका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने निर्णय गरियो।
- संस्थाको तरलता व्यवस्थापन एवम् नयाँ शेयर सदस्य विस्तार कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि रु २५ हजारसम्मको शेयर खरिदलाई विशेष प्रोत्साहन गर्ने निर्णय गरियो।
- संस्थाको सञ्चालक समिति, उपसमितिहरुलाई प्रभावकारी परिचालन लागि यातायात खर्च व्यवस्था गर्ने निर्णय गरियो। सञ्चालक समितिका लागि वार्षिक १५ वटा वैठक मात्रको यातायात सुविधा व्यवस्था गर्ने निर्णय गरियो। उपसमितिको हकमा वार्षिक ३ वटा , सेवा केन्द्रको हकमा वार्षिक ६ वटा र ऋण उपसमितिको हकमा आवश्यकताको आधारमा यातायात सुविधा व्यवस्था गर्ने निर्णय गरियो। यातायात सुविधा विगतका निर्णयलाई समेत आधार मानि यसै वैठकबाट कार्यविधि अनुसार कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।
- सदस्यहरुलाई सहकारी शिक्षा मार्फत सचेतना वृद्धिका लागि शिक्षा शिविरलाई कार्यान्वयन गर्ने निर्णय गरियो। वैठकले सेवा केन्द्रहरुको जिम्मेवारी सम्बन्धमा अध्ययन गरी जिम्मेवारीको खाका आगमी वैठकमा पेश गर्नका लागि विज्ञ समूहलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।
- संस्थाले लिएका वार्षिक नीति, कार्यक्रम, बजेटको समीक्षा एवम् संस्थाको व्यवसायिक योजनाको पूर्णता एवम् कार्यान्वयन पक्षको विश्लेषण एवम् प्रभावकारी कार्यान्वयनका लागि २०७८ फाल्गुण

मसान्तसम्म दुई दिवसीय कार्यशाला गोष्ठी सम्पन्न गर्ने निर्णय गरियो ।

- लघु उद्यम कर्जा लगानी तथा असुली कार्यविधि २०७८ लाई पारित गर्ने निर्णय गरियो ।

**वैठक नं. ७** **मितिः२०७८।११।२९ गते**

- नेपाल सरकार कृषि तथा पशुपंछी मन्त्रालय अन्तरगत कृषि विकास निर्देशनालय लुम्बिनी प्रदेश मुकाम बुटवल कृषि उपज बजार पूर्वाधार निर्माण तथा सुदृढिकरण कार्यक्रम सञ्चालन गर्न प्रस्तावना पेश गर्ने निर्णय।
- ब्याजदरलाई मध्यनजर गर्दै ब्याजदर संसोधन गर्ने निर्णय ।

**वैठक नं. ९** **मितिः२०७८।१२।०७गते**

- आर्थिक मामिला तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशको सूचना भए अनुसार यस संस्थाको मुख्य कार्यालय जीतपुरको आफ्नै भवनमा सहकारी बजार सञ्चालन गर्न उपयुक्त देखिएकोले सहकारी बजार सञ्चालन कार्यक्रमको लागि अनुदान कार्यक्रममा सहभागी हुन प्रस्तावना पेश गर्ने।

**वैठक नं.१०** **मितिः२०७८।१२।११ गते**

- २०७८ साल फाल्गुण २१ र २२ गते लुम्बिनीमा सम्पन्न २ दीवसीय कार्यशाला गोष्ठीबाट निर्माण गरिएको दीर्घकालिन व्यवसायिक तथा रणनैतिक योजनालाई वैठकले सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।
- दीर्घकालिन व्यवसायिक योजना अन्तरर्गत कृषि प्रवर्धन उपसमितिले तोरी मिलको विषयमा गरिएको अध्ययन प्रतिवेदन व्यवस्थापक दिनामणी खनालले वैठकमा पेश गर्नु भयो । वैठकले सानो स्तरको लगानीबाट तोरी मिलको स्थानका लागि विज्ञको सहयोगमा विस्तृत व्यवसायिक योजना निर्माण गरी अघि बढाउन कृषि प्रवर्धन उपसमितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।
- संस्थाको बाणगङ्गा न.पा. वडा नं. १ जितपुरमा रहेको कार्यालय भवनलाई व्यवसायिक भवनका रुपमा रुपान्तरण गर्ने उद्देश्यीयले मुख्य कार्यालय भवनलाई प्राविधिक अध्ययनका आधारमा भवनको क्षमता हेरी २ तलासम्म निर्माण कार्य सम्पन्न गर्नका लागि तपशिल अनुसारको निमार्ण उपसमिति, अनुगमन तथा मूल्यांकन उपसमिति गठन गर्नेसम्मत निर्णय गरियो ।

  निर्माण उपसमिति : संयोजक उमानाथ पौडेल

  सदस्य : शंकर पाण्डे

  सदस्य : हुमनाथ पौडेल

**वैठक नं.११** **मितिः२०७८।१२।१३ गते**

- आर्थिक मामिला तथा योजना मन्त्रालय लुम्बिनी प्रदेशको मिति २०७८ साल फाल्गुण २४ गते प्रकाशित एक स्थानीय तह एक सामुहिक उद्यम सञ्चालन सम्बन्धी प्रस्तावना माग भएको हुँदा बाणगङ्गा नगरपालिका वडा नं. ४ गजेहडा, कपिलवस्तुमा संस्थागत रुपमा उपसमिति निर्माण गरी कृषि, खाद्य वस्तुको प्रशोधन, विविधिकरण,प्याकेजिङ्ग तथा बजारीकरणमा आधारित मिल सञ्चालन सम्बन्धी प्रस्तावना पेश गर्ने निर्णय गरियो ।

**वैठक नं.**१२ **मितिः२०७९/०१/०२ गते**

- संस्थालाई आवश्यक पर्ने कृषि अधिकृत तह छैठौ( कार्यक्रम संयोजक) १ जना र सूचना प्रविधि सहायक पाचौं तह १ जना कर्मचारी करारमा सिफारिस गर्नको लागि पदपूर्ती उपसमितिलाई जिम्मेबारी दिने निर्णय।

**वैठक नं.**१४ **मितिः२०७९/०१/१३ गते**

- यस संस्थाका बरिष्ठ सहायक पाँचौ तह स्तरकी कर्मचारी श्री कल्पना पाण्डेले मिति २०७९ बैशाख ०८ गते दिनुभएको राजिनामा स्विकृत गर्ने निर्णय गरियो ।

**वैठक नं.** १५ **मितिः२०७९।०३।३**

मिति २०७९ आषाढ २ गते यस संस्थाको विमा उपसमितिले सुझाव एवम् संस्थामा आवद्ध सदस्यको हितलाई मध्यनजर गर्दै तपसिल बमोजिम अनुसारको सदस्य एवम् अन्य विमा गर्ने निर्णय गरियो। यो कार्यविधि शंसोधन पश्चात् २०७९ श्रावण १ गतेबाट लागू हुने गरी निर्णय गरियो।

| दुर्घटना एवम् अन्य विमा रकम | न्युनतम मापदण्ड |
|---|---|
| १ लाख | शेयर रकम न्युनतम रु.५ हजार हुनुपर्ने |
| ५ हजार किरिया खर्च | न्युनतम शेयर ५ हजार हुनुपर्ने |
| सदस्यको सामान्य मृत्यु लाभको हकमा सदस्यको हकवालालाई उपलब्ध गराउने | बिमा कम्पनीसँगको सम्झौता अनुसार वा ऋणीको ऋण रकम बराबर |
| ऋण रकम विमा | बिमा कम्पनीसँगको सम्झौता अनुसार वा ऋणीको ऋण रकम बराबर |
| व्यवसाय एमव् भवनको विमा | ऋणीको व्यवसाय एवम् धितो रहेको घरको विमा गर्ने |

**वैठक नं.** १६ **मितिः२०७९।०३।४ गते**

- यस संस्थालाई व्यवसायिक किस्ताबन्दी कर्जा आवश्यक परेको देखिएकोले राष्ट्रिय सहकारी बैंक बुटवल शाखाबाट रु.८ करोड कर्जा माग गर्ने निर्णय गरियो।

**वैठक नं.** १७ **मितिः२०७९।०३।१७ गते**

- यस संस्थाले बाणगङ्गा नगरपालिका कृषि सेवा शाखाबाट रासायनिक मलखादको विक्रेताको रुपमा प्रमाण पत्र लिई रासायनिक मलखाद विक्री गर्दै आइरहेको र त्यसलाई थप प्रभावकारी बनाउनको लागि साल्ट ट्रेडिङ्ग कर्पोरेशिन लिमिटेड कृष्णनगरबाट डिलरसिप लिने निर्णय गरी संस्थाका कर्मचारी शालिकराम बेल्बासेलाई आवश्यक प्रक्रियाका लागि अख्तियारि दिने निर्णय।

**वैठक नं.** १८ **मितिः२०७९।०३।२२ गते**

- आर्थिक वर्ष २०७९/०८०का लागि प्रस्तावित नीति तथा कार्यक्रम र अनुमानित वार्षिक बजेट पारित गर्ने।
- हाल यो वर्ष वाडफाड कोषहरुलाई यथावत राखी बाँकी सम्पूर्ण कोषहरुमा भएको रकमलाई संस्थाको संस्थागत पुँजीकोष बृद्धि गर्नको लागि जगेडाकोषमा रकमान्तर गर्ने निर्णय।
- नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय नेपाल लाइफ स्टक सेक्टर इनोभेसन आयोजना बुटवल र यस संस्थाको साझेदारीमा २ करोडमा सञ्चालित स्वच्छ दुध उत्पादन तथा विक्री वितरण उप आयोजना सञ्चालक कार्यक्रमको लागि पहिलो किस्ता अर्न्तगत ४४प्रतिशत

पूरक अनुदान रकम प्राप्त भएको। दोस्रो र तेस्रो किस्ताको कार्यक्रम अगाडि बढीरहेको समेत जानकारी गराईन्छ।

- सेवाकेन्द्र प्रगतिनगरमा एग्रोभेट पसल सञ्चालनमा रहेको समेत जानकारी गराइन्छ।

**ख) २०७९ कार्तिक मसान्तसम्मका मुख्य उपलब्धिहरुः-**

| सदस्य संख्या | पुरुष | महिला | संस्थागत | बाल सदस्य | जम्मा |
|---|---|---|---|---|---|
| | ४००१ | ३९५७ | ४५ | १६०८ | ९६११ |
| ऋणी सदस्य | ६३० | ५३० | | | ११६० |

**वित्तीय उपलब्धिहरुः**

| क.स. | शीर्षक | रकम |
|---|---|---|
| १ | शेयर पुँजी | १७,५३,४८,६००/- |
| २ | कुल बचत (निक्षेप) | ४४,४७,६५,९४१.२७/- |
| ३ | जगेडाकोष | ७,४४,२५,१९२.८३/- |
| ४ | अन्यकोष | १,३६,८९,६९७.६९/- |
| ५ | बाह्य ऋण | १५,७४,८५,४२७.८५/- |
| ६ | नगद/बैंक | ७,२१,४४,९८२.११/- |
| ७ | ऋण लगानी | ७७,२८,४२,४५६.७६/- |
| ८ | संघमा शेयर लगानी | १,००,०००.००/- |
| ९ | स्थीर सम्पत्ति | २,०१,२६,७१६.२२/- |
| १० | सहकारी बजार स्टक | ४२,८४,३६२.१६/- |
| ११ | कुल सम्पत्ति हिसाब ( वासलात) | ८९,४१,४९,८२८.७९/- |

**आदरणीय शेयरधनी महानुभावहरु,**

विश्वमा फैलिएको कोभिड तथा आर्थिक मन्दीका कारण हाम्रो संस्थालाई पनि निकै असर पारेकोले संस्थाको दीर्घकालिन लक्ष्य प्राप्तीमा अपेक्षाकृत सफलता प्राप्त गर्न नसकिएको भएतापनि सम्पूर्ण संस्थागत कामकाज गर्नुका साथै प्रदेश स्तरीय संस्थाको रुपमा सेवाकेन्द्र विस्तारका लागि अध्ययन भैरहेको अवस्थालाई संस्थागत उपलब्धिका रुपमा महसुस गरेका छौं । सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका लागि आवश्यक नीति नियम निमार्ण तथा पूनर्लेखनमा महत्वपूर्ण सहयोग पुऱ्याउनुहुने महानुभावहरु,सल्लाहकार ज्यूहरु, अहोरात्र खटिने व्यवस्थापक तथा कर्मचारीहरु, हामीलाई प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनुहुने उद्यमी, व्यापारी, बुद्धिजीवीप्रति हार्दिक आभार व्यक्त गर्दै संस्थाको श्रीबृद्धिका लागि यहाँहरुको निरन्तर सकरात्मक सुझाव, सल्लाह र सहयोगको अपेक्षा गर्दछु।

*जय सहकारी ।*

*जय सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लि.*

*कृष्णप्रसाद न्यौपाने*
*सचिव*

# सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

बाणगङ्गा-१ जितपुर कपिलवस्तु

## आर्थिक वर्ष २०७८/०७९ को आर्थिक प्रतिवेदन



प्रस्तुतकर्ता : चिरञ्जिवी पन्थ (कोषाध्यक्ष)

**अध्यक्ष तथा सम्पूर्ण शेयरधनी महानुभावहरु**

सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले दोस्रो वार्षिक साधारण सभामा पाल्नुहुने सम्पूर्ण अतिथि तथा शेयरधनी महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन गर्दछु। वित्तीय स्वच्छता र मर्यादित रुपमा सञ्चालित वित्तीय संस्था मात्र दिगो हुन सक्ने र उक्त संस्थाले मात्र प्रभावकारी सेवा दिन सक्ने हुँदा यस सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई वित्तीय रुपमा स्वस्थ सुरक्षित, सदस्यमैत्री, सक्षम वित्तीय संस्था एवम् व्यवसायिक संस्था बनाउनको लागि आवश्यक मार्गदर्शन प्राप्त गरी अगाडि बढ्नका लागि शेयर सदस्यहरुको सकरात्मक तथा रचनात्मक सहयोग, कर्मचारी तथा पदाधिकारीहरुको लगनशिलता एवं समपर्णले यस संस्थालाई भोलिका दिनमा विशिष्टीकृत पहिचान बनाउन सक्छ, भन्ने कुराको विश्वास दिलाउन चाहन्छु। संस्थाको प्रारम्भ देखि हालसम्मको आर्थिक क्रियाकलाप वित्तीय प्रगति तथा उपलबधिलाई सिंहावलोकन गर्दा यस सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडमा आवद्ध हामी सवैले सिनर्जीको आवद्धतालाई सकारात्मक निर्णयको रुपमा स्मरण गर्न पाएका छौ।

**आदरणीय शेयर सदस्य महानुभावहरु**

संस्थाको यस प्रथम वार्षिक साधारण सभामा यस संस्थाले आ.व. २०७८/०७९ मा गरेका आर्थिक कारोबारको प्रतिवेदन यस गरिमामय साधारण सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**क) ऋण लगानी विवरण**

| क्र.स. | कर्जाको शीर्षक | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि कर्जा | ६,३७,८०,८२१.९६ | ८।५६ |
| २ | व्यवसायि/ व्यापार कर्जा | ४४,४१,७०,६५७.६५ | ५९।६० |
| ३ | घर निमार्ण कर्जा | ६,३९,१७,९८६.५४ | ८।५८ |
| ४ | बैदेशिक रोजगार कर्जा | १,१९,७७,८७९.५१ | १।६१ |
| ५ | सवारीसाधन कर्जा हायर पर्चेज | २,१४,४५,८७५.८५ | २।८८ |
| ६ | शैक्षिक/अध्ययन कर्जा | ९९,६६,५४५ | १.३४ |
| ७ | जग्गा खरिद कर्जा | ६,६७,७१,२५८.८३ | ८।९६ |
| ८ | स्वरोजगार ऋण | ६,६२,१३२.८२ | ०।०९ |
| ९ | घरखर्च कर्जा | ६,२६,०९,६५९.२७ | ८।४० |
| | जम्मा लगानी | ७४,५३,०२,८१७.४३ | १००. |

**ख) बचत (निक्षेप)को विवरण**

| क्र.स. | बचतको शीर्षक | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | मासिक बचत | १०,४१,६४,८१६.३२ | २४।२२ |
| २ | दैनिक बचत | २,९२,९९,९८१.०२ | ६।८१ |
| ३ | ऐच्छिक बचत | ९,९८,५६,००६.२२ | २३।२२ |
| ४ | बाल बचत | ३,०३,००,२४५.१० | ७।०५ |

| | | | |
|---|---|---|---|
| ५ | विशेष बचत | १,२३,१७,१२६.४० | २।८६ |
| ६ | कर्मचारी बचत | ६,८२,३००.५९ | ०।१६ |
| ७ | जेष्ठ नागरिक बचत | २,२४,०८,२७७.१७ | ५।२१ |
| ८ | समूह बचत | १२,९९,२३४.८३ | ०।३० |
| ९ | सदस्य सुरक्षण बचत | ७६,५१,५३६.३८ | १।७८ |
| १० | तलव बचत | ५,६१,७०७.९५ | ०।१३ |
| ११ | शेयर लाभांस बचत | १,०९,२३,२१७.६४ | २।५४ |
| १२ | नारी बचत | ८७,२८,७०२.०१ | २।०३ |
| १३ | आवधिक बचत | २७,८५,३०६.१६ | ०।६५ |
| १४ | १ वर्ष आवधिक बचत | ४,१३,२६,४८७.३७ | ९।६१ |
| १५ | २ वर्ष आवधिक बचत | १,३०,३२,३४९.०० | ३।०३ |
| १६ | ३ वर्ष आवधिक बचत | २,३४,५८,२७१.०० | ५।४५ |
| १७ | स्वरोजगर बचत | १,१५,७८६.५१ | ०।०३ |
| १८ | किशोरी बचत | २,४२,८१४.५७ | ०।०६ |
| १९ | स्पेशल आवधिक बचत | २,०९,२२,३००.०० | ४।८६ |
| | जम्मा बचत | ४३,००,७६,४६६.२४ | १००.०० |

**ग) शेयर पुँजी हिसाब**

| क्र.स. | बचतको शीर्षक | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | शेयरपुँजी | १७,२८,६०,१०० | २०।३८ |

**घ) नगद/बैंक**

| क्र.स. | बचतको शीर्षक | रकम |
|---|---|---|
| १ | नगद | ४९,२५,५०५.३५ |
| २ | बैंक | ६,२२,५०,४४२.६७ |
| | जम्मा तरलता रकम | ६,७१,७५,९४८।०२ |

**ङ) सहकारी बजार खरिद/विक्रीको अवस्था**

१) सामाग्री खरिद रु. ४,०९,३०,०९३.३८
२) विक्री रु. ४,४८,३७,५९७
३) मौज्दात ( स्टक सामाग्री) रु. ४२,८०,७२२.१६

उल्लेखित तथ्याङ्कहरुबाट हामि स्पष्ट हुन्छौ कि सहकारीको मूल्य मान्यता एवम् सिद्धान्तहरुलाई आत्मसात गर्दै संस्थाको आगामी योजनालाई सफल रुपमा कार्यान्वयनका लागि सामुहिक प्रयासको अपेक्षा संगै आर्थिक वर्ष २०७८।०७९ को वार्षिक आर्थिक प्रतिवेदन यस दोस्रो वार्षिक साधारण सभामा प्रस्तुत गर्ने मौका प्रदान गर्नुभएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु।

*जय सहकारी । जय सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लि.*

*चिरञ्जिवी पन्थ*
*कोषाध्यक्ष*

**Pramod Panthi & Associates**
*Chartered Accountants*

Mem. No. : 741
COP. No. : 605
Firm Regd. No. : 508
PAN : 102849295

Butwal, Rupandehi, Nepal
Email: pramodpanthi@hotmail.com
Tel. 071-414265, 9857035046

**Ref.: CA/ BTL/2022/01** **Date: 16th Aug. 2022**

**श्री सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
बाणगंगा न.पा. ०१,कपिलवस्तुको
सदस्यमहानुभावहरु समक्ष लेखापरीक्षकको प्रतिवेदन

**वित्तिय विवरणमाथि प्रतिवेदन:**
हामीले **श्री सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,** बाणगंगा न.पा.०१,कपिलवस्तुको २०७९ असार मसान्तसम्मको (16th July, 2022) यसै साथ संलग्न वित्तिय स्थिति विवरण र सो मितिमा समाप्त भएको आर्थिक वर्षको कार्यसन्चालन स्थिति विवरण, नगद प्रवाह विवरण तथा लेखानीति र लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

**वित्तिय विवरणहरुप्रति व्यवस्थापनको उत्तरदायित्व:**
प्रचलित कानुनको अधिनमा रही नेपाल वित्तिय प्रतिवेदनमान अनुरुप यी वित्तिय विवरणहरु तयार गर्ने एवं सही प्रस्तुत गर्ने उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । यी दायित्व अर्न्तगत जालसाजी वा त्रुटिबाट हुन सक्ने सारभुत रुपमा त्रुटीपुर्ण रहित वित्तिय विवरण तयार गर्ने तथा प्रस्तुत गर्ने आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको बनावट, कार्यान्वयन र कायम गर्ने, उपयुक्त लेखा नीतिको छनौट एवं प्रयोग तथा परिस्थिती अनुरुप उचित लेखा अनुमानको प्रयोग पनि समावेश हुन्छ ।

**लेखापरीक्षकको उत्तरदायित्व:**
व्यवस्थापनले तयार गरेका वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो जिम्मेवारी हो । हामीले नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरीक्षण सम्पन्न गर्ने गर्दछौ । यी लेखापरीक्षणमानले हामीलाई व्यवसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभुत रुपमा त्रुटि रहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना तर्जुमा गरी लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउंद छन । तर ग्यारेन्टि छैन कि लेखापरिक्षणमान अनुसार सम्पन्न गरिएको लेखापरिक्षणले जहिले पनि सारभुत त्रुटि पत्ता लगाउंदछ ।

लेखापरीक्षण अर्न्तगत वित्तिय विवरणमा उल्लिखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्बन्धि छड्के परिक्षण गर्ने तथा यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तिबाट होस, सारभुत रुपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यवसायिक निर्णयमा आधारित छ । लेखापरीक्षण अर्न्तगत हामीले सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणाली उपर नै राय व्यक्त गर्ने उद्देश्य नभई, परिस्थीति अनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा सहकारी संस्थाले वित्तिय विवरण तयार एवम् प्रस्तुती गर्ने क्रममा अवलम्बन गरेको आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्नुपर्ने हुन्छ । लेखापरीक्षणमा व्यवस्थापनद्धारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवम् गरिएका महत्वपुर्ण अनुमानहरुको उपयुक्तताको मुल्याङ्कनका साथै समग्र वित्तिय विवरण प्रस्तुतीको लेखाजोखा समेत समावेश हुन्छ । हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

**Pramod Panthi & Associates**
*Chartered Accountants*

Mem. No. : 741
COP. No. : 605
Firm Regd. No. : 508
PAN : 102649295

Butwal, Rupandehi, Nepal
Email: pramodpanthi@hotmail.com
Tel. 071-414265, 9857035046

हामीले यस सहकारी संस्थाको वित्तिय विवरणहरुको लेखापरीक्षण गरी देहाय बमोजिमको प्रतिवेदन पेश गर्दछौ:

- लेखानिति तथा लेखाटिप्पणीमा समावेश गरीएका लेखाटिप्पणीहरु लेखाप्रतिवेदनका अभिन्न अंग हुन् । साथै ति लेखाटिप्पणीले लेखामा पार्ने प्रभावलाई लेखाप्रतिवेदनमा समावेश गरीएको छैन।
- हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सुचना एवं स्पष्टिकरको साथै माग गरेका विवरणहरु यथाशिघ्र तथा सन्तोषजनक रुपमा पाएका छौ ।
- हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा, हाम्रो रायमा संस्थाका हिसाब किताबहरु लेखापरीक्षकले पेश गर्नुपर्ने लेखाटिप्पणी तथा प्रारम्भीक प्रतिवेदनमा उल्लेखित कैफियतहरुको समायोजनबाट बित्तिय विवरणमा पर्न सक्ने असर बाहेक प्रचलित ऐन बमोजिम ठीकसंग राखिएका छन् ।
- यो प्रतिवेदनसंग सम्बन्धित संलग्न वित्तिय स्थिति विवरण, कार्यसन्चालन स्थिति विवरण, नगद प्रवाह विवरण र संलग्न अनुसुचीहरु तथा लेखानिति र लेखा टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहीखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।
- लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सुचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा सन्चालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन विपरित काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पति हिनामिना गरेको वा संस्था र निक्षेपकर्ताहरु तथा लगानीकर्ताहरुको हित संरक्षण विरुद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।
- हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा संस्थाको कारोबार सन्तोषजनक रुपमा सन्चालन भएको र संस्थाको अख्तियारीभित्र रहेको पायौ ।
- संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन ।

हाम्रो रायमा, हामीले पाएसम्मको सुचना एवम् हामीलाई दिएको जानकारी र स्पष्टिकरणको आधारमा यस संस्थाको वित्तीय विवरण तथा सोही साथ संलग्न गरिएको प्रमुख लेखानितिहरु र लेखा सम्बन्धी टिप्पणीहरुले २०७९ असार मसान्तसम्मको (16th July, 2022) आर्थिक अवस्था तथा सोही मितिमा समाप्त भएको अवधिको सचालन नतिजा एंव नगद प्रवाहको समुचित तथा यथार्थ चित्रण गर्दछ ।

एफ.सि.ए. प्रमोद पन्थी
(प्रोप्राईटर)
प्रमोद पन्थी एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स
मिति: २०७९।०४।३१
स्थान: बुटवल, रुपन्देही
युडिन नं : 220817CA00741mT0Hi
संलग्न :-
वित्तिय विवरण, अनुसुचीहरु, प्र.प्रतिवेदन, लेखानिति तथा लेखाटिप्पणी
बोधार्थ :-
भुमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
सहकारी विभाग, प्रदेश नं. ५, रुपन्देही

# श्री सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

बाणगंगा न.पा-०१,कपिलबस्तु

मिति २०७९/०३/३२ सम्मको वासलात

| क.स. | पुजी तथा दायित्व | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|---|
| १ | शेयरधनिहरुको पुंजी | | | |
| क | शेयर पुंजी | १ | १७२,८६०,१००।०० | १०२,१०८,४००।०० |
| ख | जगेडा कोष | ७ | ७४,४२९,०९२।६३ | ४९,७१४,९६२।९८ |
| ग | अन्य कोषहरु | ७क | २६,५४५,२९१।६६ | ३७,०७९,०७०।६० |
| | जम्मा शेयरधनिहरुको पुंजी | | २७३,८३४,४८४।३० | १८८,९०२,४३३।५८ |
| २ | दायित्वहरु | | | |
| क | निक्षेप बचत हिसाव | २ | ४३०,०७६,४६६।२४ | ४२९,६९०,६५६।०२ |
| ख | अन्य दायित्व हिसाव | ३ | १०,१५२,८६४।७३ | ५,४१६,१५१।१९ |
| ग | जोखिम कर्जा कोष | ४ | ८,१८१,४६१।२३ | ५,६४३,०३४।५८ |
| घ | वाहय ऋण रकम | ५ | १२५,०२७,५५५।९४ | ५७,९६१,२५८।६६ |
| ङ | वाहय अनुदान रकम | ६ | ८१०,४१०।७० | २,१०७,१७३।७० |
| | जम्मा दायित्वहरु | | ५७४,२४८,७५८।८४ | ५००,८१८,२७४।०५ |
| | कुल पुंजी तथा दायित्व | | ८४८,०८३,२४३।१३ | ६८९,७२०,७०७।६३ |
| | | | | |
| क.स. | सम्पत्ती तथा लगानी | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
| १ | चालु सम्पत्ती | | | |
| क | नगद मौज्दात | ८ | ४,९२५,५०५।३५ | ४,४३५,२३०।८४ |
| ख | बैंक मौज्दात | ९ | ६२,२५०,४४२।६७ | ८४,०३१,८९७।०७ |
| ग | लगानी हिसाव | १० | १००,०००।०० | २०,६३३,२००।०० |
| घ | ऋण लगानी हिसाव | ११ | ७४५,३०२,८१७।४३ | ५५२,३५४,७६७।०४ |
| ङ. | पाउनु पर्ने हिसाव | १२ | ११,५६५,३९३।८० | ६,१०५,९२७।४१ |
| च | अन्तिम मौज्दात | १३ | ४,२८०,७२२।१६ | ३,४३३,३३२।९१ |
| २ | स्थिर सम्पत्ती | | | |
| क | जग्गा | १४ | २,६७०,०००।०० | २,६७०,०००।०० |
| ख | अन्य स्थिर सम्पत्ति | १४ | १६,९८८,३६१।७२ | १६,०५६,३५२।३६ |
| | कुल सम्पत्ती तथा लगानी | | ८४८,०८३,२४३।१३ | ६८९,७२०,७०७।६३ |

0.00

व्यवस्थापक    संयोजक    कोषाध्यक्ष    सचिव    अध्यक्ष    लेखापरीक्षक

## श्री सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

बाणगंगा न.पा-०१,कपिलबस्तु

मिति २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्मको नाफा नोक्सान हिसाब

| क.स. | विवरण | अनुसूची | यस वर्ष रु | गत वर्ष रु. |
|---|---|---|---|---|
| १ | आम्दानी विवरण | | | |
| क | सहकारी बजारबाट आम्दानी | १५ | ४४,७९२,२०७।०० | ३०,३५०,८२४।४१ |
| ख | ब्याज आम्दानी | १६ | ९०,८२०,४८१।२६ | ११,०८१,६७९।८८ |
| ग | अन्य आम्दानी | १७ | ६,८४८,४२०।२३ | ३,६८५,८५३।४५ |
| घ | ब्यवस्था फिर्ताबाट आम्दानी | | - | २,२००,०००।०० |
| | जम्मा आम्दानी | | १४२,४६१,१०८।४९ | ४७,३१८,३५७।९५ |
| २ | खर्चको विवरण | | | |
| क | सामाग्री बिक्री सम्वन्धी खर्च | १८ | ४०,९३०,०९३।३८ | २७,८०६,२७७।९५ |
| ख | ब्याज खर्च | १९ | ४२,०७१,४७७।१८ | २,७१९,७८१।३७ |
| ग | प्रशासनिक खर्च | २० | १९,०७३,९४६।०१ | ४,७६८,३०७।६९ |
| घ | जोखिम कर्जाकोष खर्च | | २,५३८,४२६.७५ | - |
| ङ | ह्रासकट्टि खर्च | १४ | २,१६७,४८०।२३ | १,८८७,०९१।४१ |
| | जम्मा खर्च | | १०६,७८१,४२३।५५ | ३७,१८१,४६५।६२ |
| क | आयकर ब्यवस्था पूर्वको नाफा | | ३५,६७९,६८४।९४ | १०,१३६,८९२।३३ |
| ख | आयकर ब्यवस्था ५ प्रतिशतका दरले | | १,७८३,९८४।२५ | ५०६,८४४।६२ |
| | आयकर पछिको खुद नाफा | | ३३,८९५,७००।७० | ९,६३०,०४७।७१ |

नाफानोक्सान बाँडफाड खाता

| क.स. | विवरण | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|---|
| क | आयकर पछिको नाफा | | ३३,८९५,७००।७० | ९,६३०,०४७।७१ |
| ख | घटाउने जगेडाकोष २५ प्रतिशत | | ८,४७३,९२५।१७ | २,४०७,५११।९३ |
| | जगेडा कोष पछिको नाफा | | २५,४२१,७७५।५२ | ७,२२२,५३५।७९ |
| क | घटाउन संरक्षित पूंजी कोष २५प्रतिशत | | ६,३५५,४४३।८८ | १,८०५,६३३।९५ |
| ख | घटाउन सहकारी प्रवर्द्धन कोष ०.५प्रतिशत | | १२७,१०८।८८ | ३६,११२।६८ |
| | जगेडा, सहकारी प्रवर्द्धन तथा संरक्षित पूंजी कोष पछिको नाफा | | १८,९३९,२२३।७६ | ५,३८०,७८९।१६ |
| क | शेयर लाभांश कोष ६५ प्रतिशत | | १२,३१०,४९४।८० | ३,४९७,५१३।५० |
| ख | कर्मचारी बोनस कोष १० प्रतिशत | | १,८९३,९२२।३८ | ५३८,०७८।९२ |
| ग | संस्था विकास कोष ५ प्रतिशत | | - | २६९,०३९।४६ |
| घ | सहकारी शिक्षा कोष ५ प्रतिशत | | ९४६,९६१।१४ | २६९,०३९।४६ |
| ङ | अन्य जोखिम व्यवस्थापन कोष ५ प्रतिशत | | ९४६,९६१।१४ | २६९,०३९।४६ |
| च | घाटा पूर्ती कोष ५ प्रतिशत | | ९४६,९६१।१४ | २६९,०३९।४६ |
| छ | सहुलियत कर्जा लगानी कोष ५ प्रतिशत | | ९४६,९६१।१४ | - |
| ज | सदस्य राहत कोष ५ प्रतिशत | | - | २६९,०३९।४६ |
| झ | सामुदायीक विकास कोष ५ प्रतिशत | | ९४६,९६१।१४ | २६९,०३९।४६ |
| | जम्मा रु | | १८,९३९,२२३।७६ | ५,३८०,७८९।१६ |

व्यवस्थापक | लेखा समिति | कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरीक्षक

# श्री सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

बाणगंगा न.पा-०१,कपिलबस्तु

## आ. व. २०७८/२०७९ नगद प्रवाह विवरण

| क.स. | विवरण | यसवर्ष रु. | गतवर्ष रु |
|---|---|---|---|
| क | संचालन गतिविधिबाट नगद प्रवाह | | |
| १ | आयकर अघिका नाफा | ३३,८९५,७००।७० | ९,६३०,०४७।७१ |
| २ | ह्रास कट्टि | २,१६७,४८०।२३ | १,८८७,०९९।४१ |
| ख | समायोजन अगाडीको नगद प्रवाह | ३६,०६३,१८०।९३ | ११,५१७,१४७।१२ |
| १ | निक्षेप हिसावमा बृद्धि कमी | ३८५,८१०।२२ | ४२६,०९३,५५३।०२ |
| २ | तिनुपर्ने हिसावमा बृद्धि कमी अनुदान | (१,२९६,७६३।०० | २,१०७,१७३।७० |
| ३ | भुक्तानी दिनुपर्ने हिसावमा बृद्धि कमी | - | |
| ४ | अन्य दायित्वमा बृद्धि कमी | ४,७३६,७१३।५४ | ४,५०१,६८४।१९ |
| ५ | जोखिम कर्जाकोषमा बृद्धि कमी | २,५३८,४२६।७५ | ५,५९१,८१९।४८ |
| ६ | असुल गर्नुपर्ने ऋणमा बृद्धि कमी | (१९२,९४८,०५०।३९ | (५४७,२३३,२७८।०४ |
| ७ | पाउनु पर्ने हिसावमा बृद्धि कमी | (५,४५९,४६६।३९ | (५,७१९,३६७।४१ |
| ८ | अन्य सम्पत्ती मा बृद्धि कमी (माल मौज्दात) | (८४७,३८९.२५) | (९८०,४२४।९१ |
| | संचालन गतिविधिबाट नगद प्रवाह | (१५६,८२७,५३७।५९ | (१०४,१२१,६९२।८५ |
| ग | लगानी गतिविधिबाट नगद प्रवाह | | |
| १ | स्थिर सम्पत्ती खरिद बिक्री | (३,०९९,४८९।५९ | (१२,८६२,८३३।७७ |
| २ | लगानी मा बृद्धि कमी | २०,५३३,२००।०० | (२०,६२०,२००।०० |
| | लगानी गतिविधिबाट नगद प्रवाह | १७,४३३,७१०।४१ | (३३,४८३,०३३।७७ |
| घ | वित्तिय गतिविधिबाट नगद प्रवाह | | |
| १ | जगेडा कोष प्राप्त | १६,६९९,१३७।६० | ७५,९८५,९८५।८७ |
| २ | शेयर पूजीमा बृद्धि | ७०,७५१,७००।०० | ९६,९५०,७००।०० |
| ३ | कोष वितरण | (३६,४१४,४८७।५८ | ०।०० |
| ४ | बाह्य ऋणमा बृद्धि कमी | ६७,०६६,२९७।२८ | ५१,५४०,०७४।६६ |
| ५ | अन्य गतिविधि अनुदान | - | ( |
| | वित्तिय गतिविधिबाट नगद प्रवाह | ११८,१०२,६४७।३० | २२४,४७६,७६०।५३ |
| | सम्पुर्ण गतिविधिबाट भएको नगद प्रवाह | (२१,२९१,१७९।८९ | ८६,८७२,०३३।९१ |
| | शुरु नगद तथा बैंक मौज्दात | ८८,४६७,१२७।९१ | १,५९५,०९४।०० |
| | अन्तिम नगद तथा बैंक मौज्दात | ६७१७५,९४८।०२ | ८८,४६७१२७।९१ |

(0.00) (0.00)

व्यवस्थापक लेखासंयोजक कोषाध्यक्ष सचिव अध्यक्ष लेखापरीक्षक

# अनुसुची - ४

## लेखापरीक्षकले लेखा परीक्षण गर्दा तयार पार्नुपर्ने लङफर्म प्रतिवेदन

दफा ४६(१) संग सम्बन्धित

१ संस्थाको नाम र ठेगाना : श्री श्री सिनर्जी बहुउद्देशीय सहकारी संस्था लिमिटेड

२ कार्य क्षेत्र : प्रदेश नं. ५

३ कुल सदस्य संख्या : ८२११ जना

३.१ महिलाको संख्या : ४२५३ जना

३.२ पुरुषको संख्या : ३९५८ जना

३.३. अन्य संख्या : जना

४ कर्मचारीको संख्या : ३२ जना

५. कुल चुक्ता शेयर पुंजि : रु. १७२,८६०,१००।००

शेयर पुजीको विवरण

| क.स. | विवरण | यस वर्ष जम्मा रु | गत वर्ष जम्मा रु |
|---|---|---|---|
| १ | शेयर पुजी | १७२,८६०,१००।०० | १०२,१०८,४००।०० |
| | कुल जम्मा रु. | १७२,८६०,१००।०० | १०२,१०८,४००।०० |

६. कुल बचत संकलन : रु. ४३०,०७६,४६६।२४

निक्षेप बचत हिसावको विवरण

| क.स. | विवरण | यस वर्ष जम्मा रु | गत वर्ष जम्मा रु |
|---|---|---|---|
| १ | नियमित मासिक बचत | १०४,१६४,८१६।३२ | १०१,५८४,७६४।०४ |
| २ | स्वरोजगार बचत खाता | ११५,७८६।५१ | १७८,५२०।५१ |
| ३ | ऐच्छिक बचत खाता | ९९,८५६,००६।२२ | १४४,२७२,३०९।४७ |
| ४ | दैनिक बचत खाता | २९,२९९,९८१।०२ | ३६,२५२,७२७।१० |
| ५ | आवधिक बचत खाता | २,७८५,३०६।१६ | ११,८९४,०८१।८४ |
| ६ | विषेश आवधिक बचत खाता | २०,९२२,३००।०० | |
| ७ | बाल बचत खाता | ३०,३००,२४५।१० | २६,८६४,०८५।८५ |
| ८ | विशेष बचत खाता | १२,३१७,१२६।४० | १५,१८२,७६९।२४ |
| ९ | समुह बचत खाता | १,२९९,२३४।८३ | ४,०७९,२४७३० |
| १० | जेष्ठ नागरिक बचत खाता | २२,४०८,२७७।१७ | ४२,६२३,९४३।८२ |
| ११ | कर्मचारी बचत खाता | ६८२,३००।५९ | ५००,७३४।५९ |
| १२ | लाभांस बचत खाता | १०,९२३,२१७६४ | ७,९२१,९२५।९२ |
| १३ | किशोरी बचत खाता | २४२,८१४।५७ | २८५,०८८।१३ |
| १४ | ग्राहक सुरक्षण खाता | ७,६५१,५३६।३८ | ७९०,७५४।०० |
| १५ | नारी बचत | ८,७२८,७०२।०१ | १८,६५९,७१६।५४ |
| १६ | तलब बचत खाता | ५६१,७०७९५ | ९५६,०१५।२७ |
| १७ | १ वर्षे आवधिक बचत | ४१,३२६,४८७३७ | ८,६४४,१२८।९८ |
| १८ | २ वर्षे आवधिक बचत | १३,०३२,३४९।०० | ४,७७०,४७२।३२ |

| | | | |
|---|---|---|---|
| १९ | ३ वर्षे आवधिक बचत | २३,४५८,२७१।०० | ४,२२९,३७१।०० |
| | कुल जम्मा रु. | ४३०,०७६,४६६।२४ | ४२९,६९०,६५६।०२ |

७. कूल ऋण लगानी ७४५,३०२,८१७।४३

८. ऋण लगानीका प्रमुख क्षेत्रहरु र रकम :

असुल गर्न बाँकी कर्जा हिसावको विवरण

| क.स. | विवरण | यस वर्षको जम्मा रु | गत वर्षको जम्मा रु |
|---|---|---|---|
| १ | व्यापार ऋण | ४४४,१७०,६५७।६५ | ३४२,५६५,००७।०९ |
| २ | कृषि तथा औद्योगिक ऋण | ६३,७८०,८२१।९६ | ५५,०४३,१७९।१३ |
| ३ | हायरपर्चेज ऋण | २१,४४५,८७५।८५ | ११,०७८,६०५।०० |
| ४ | शैक्षिक कर्जा | ८,०२०,७१०।०० | १,६४२,९०२।०० |
| ५ | स्वरोजगार कर्जा | ६६२,१३२।८२ | २,०२६,२२१।५६ |
| ६ | बैदेशिक रोजगार | ११,९७७,८७९।५१ | ८,५३२,९१०।०० |
| ७ | अध्ययन खर्च | १,९४५,८३५।०० | २२९,१६७।०० |
| ८ | जग्गा खरिद | ६६,७७१,२५८।८३ | ४५,९४७,९४१।३४ |
| ९ | घर खर्च कर्जा | ६२,६०९,६५९।२७ | २३,५५२,६२७।०४ |
| १० | घर निमाण कर्जा | ६३,९१७,९८६।५४ | ६१,७३६,२०६।८८ |
| | जम्मा रकम रु | ७४५,३०२,८१७।४३ | ५५२,३५४,७६७।०४ |

९. लिने दिने ब्याज दर बीचको औसत फरक : ५।५ प्रतिशत

१० बचत तथा ऋण नीति वा निर्देशिका भए नभएको : भएको

११ लेखा समिति प्रभावकारी भए नभएको :संस्थाको बढ्दो कारोबारलाई मध्यनजर गर्दै लेखा सुपरिवेक्षण समिती तथा अन्य लगानी समिती को भुमिका अझै प्रभावकारी बनाउनु हुन ।

१२ संचालक, लेखा समिति र प्रमुख व्यवस्थापकहरुमा नाता गोता भित्रका व्यक्तिहरु भए नभएको: नभएको

१३ ऋण लगानीमा कुनै सेवा शुल्क लिने गरेको र नगरेको लिएको भए दर उल्लेख गर्ने : ०।७५ प्रतिशत र १ प्रतिशत ऋणको रकम अनुसार लिने गरेको ।

१४ संचालक लेखा समिति र प्रमुख व्यवस्थापकले लिएको पारीश्रमिक,भत्ता र अन्य सुविधाहरु खुलाउने: लिएको (व्यवस्थापक तथा अध्यक्ष) ।

क) संचालक समितिको बैठक भत्ता : रु.११७५/-

ख) लेखा सुपरिवेक्षण समितिको बैठक भत्ता: रु.११७५/-

ग) ऋण उपसमितिको बैठक भत्ता:रु.११७५/-

घ) अन्य उपसमितिको बैठक भत्ता: रु.५८८/-

ङ) अध्यक्ष : बैठक भत्ता बाहेक अरु नलिएको।

च) व्यवस्थापक पारिश्रमिक स्केल तलव रु.४०५००/- भत्ता रु.६५००/-

१४ कार्यक्षेत्र बाहिरका व्यक्ति तथा निकायहरु सँग बचत तथा ऋणको कारोवार गरे नगरेको: नगरेको ।

१५ नियमानुसार शेयर पुँजिको १८% भन्दा बढी हुने गरी अन्य कुनै निकायबाट शेयरधनीहरु लाई रकम बाडेको र नबाडेको, बाडेको भए कुन शिर्षकमा कति खर्च गरियो । नबाडेको

१६ प्राकृतिक व्यक्ति बाहेक अन्य निकायहरुमा ऋण वा शेयर लगानी गरेको भए देहाय बमोजिमको विवरण खुलाउने : तपसिल बमोजिमको निकायहरुमा शेयर लगानी गरिको

लगानी हिसाबको विवरण

| क.स. | विवरण | यसवर्षको जम्मा रु | गतवर्षको जम्मा रु |
|---|---|---|---|
| १ | जिल्ला सहकारी संघ लिमिटेड | ३,०००।०० | ३,०००।०० |
| २ | जिल्ला बचत तथा ऋण स. सं लिमिटेड | ४,०००।०० | ४,०००।०० |
| ३ | राष्ट्रिय सहकारी बैंक लिमिटेड | २०,०००।०० | २०,०००।०० |
| ४ | नेपाल बचत तथा ऋण केन्द्रिय संघ लिमिटेड | | ५३३,२००।०० |
| ५ | बचत तथा ऋण केन्द्रिय संघ लिमिटेड (प्रदेश) | २५,०००।०० | २५,०००।०० |
| ६ | सिद्धार्थ बैंक लि. (आवधिक बचत) | | २०,०००,०००।०० |
| ७ | जिल्ला कृषि सहकारी संघ लिमिटेड | १,०००।०० | १,०००।०० |
| ८ | नेफस्कून शेयर | २३,०००।०० | २३,०००।०० |
| ९ | नेफस्कून बचत | २४,०००।०० | २४,०००।०० |
| १० | जिल्ला सहकारी संघ लिमिटेड | ३,०००।०० | ३,०००।०० |
| | जम्मा रकम रु | १००,०००।०० | २०,६३३,२००।०० |

